श्री ५ को सरकार

## रक्षा मन्त्रालयको सूचना

### शाही सैनिक नियुक्ति, प्रमोशन र अरु विविध व्यवस्था साधारण (सोह्रौं संशोधन) नियमहरु, २०५६

शाही सैनिक नियुक्ति, प्रमोशन र अरु विविध व्यवस्था साधारण नियमहरु, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहाएका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : यी नियमहरुको नाम "शाही सैनिक नियुक्ति, प्रमोशन र अरु विविध व्यवस्था साधारण (सोह्रौं संशोधन) नियमहरु २०५६" रहेको छ।

२. शाही सैनिक नियुक्ति, प्रमोशन र अरु विविध व्यवस्था साधारण नियमहरु, २०२० को नियम ५ मा संशोधन : शाही सैनिक नियुक्ति, प्रमोशन र अरु विविध व्यवस्था साधारण नियमहरु, २०२० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को खण्ड (ग) मा रहेका "सैनिक विनय निर्देशक" भन्ने शब्दहरुको सट्टा "मुख्य अधिकृत, कार्यरथी विभाग (भर्ना छनौट)" भन्ने शब्दहरु राखिएका छन्।

३. मूल नियमावलीको नियम ८ मा संशोधन : मूल नियमावलीको नियम ८ को खण्ड (ग) मा रहेका "सैनिक विनय निर्देशकको प्रतिनिधि" भन्ने शब्दहरुको सट्टा "मुख्य अधिकृत, कार्यरथी विभाग (भर्ना छनौट)" भन्ने शब्दहरु राखिएका छन्।

४. मूल नियमावलीमा नियम १५ क. थप : मूल नियमावलीको नियम १५ पछि देहायको नियम १५ क. थपिएको छ :-

"१५ क. प्रमोशन सम्बन्धी विशेष व्यवस्था : (१) सैनिक तालिम वा आफ्नो कर्तव्य पालन गर्दा गर्दै कुनै शारीरिक चोटपटक लागेका सैनिक व्यक्तिको स्वास्थ्य परीक्षण गराउँदा चोटपटक लागेको अङ्ग बाहेक निज शारीरिक रुपमा स्वस्थ्य रही सेना सम्बन्धी आवश्यक तालिम पूरा गर्न सक्षम देखिएमा निजलाई मेडिकल बोर्डले क्याटागोरी "ए" प्रदान गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम मेडिकल बोर्डले क्याटागोरी "ए" प्रदान गरेको सैनिक व्यक्तिलाई प्रमोशन र नियुक्ति गर्न बाधा पर्ने छैन।

(३) आफ्नो कर्तव्य पालन गर्दा गर्दै शारीरिक रुपमा अशक्त भई तालिम गर्न नसक्ने सैनिक व्यक्तिलाई प्रमोशन सिलेक्सन बोर्डले प्रशासनिक कार्य गराउन सकिन्छ भनी सिफारिस गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम सिफारिस भएका सैनिक व्यक्तिलाई प्रमुख सेनानी दर्जासम्म प्रमोशन गर्न सकिनेछ।"

**आज्ञाले,**

**युवराज शर्मा**

**श्री ५ को सरकारको निमित्त सचिव**



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित। 499